बैठक संख्या (१३)

आज मिति २०८२/०२/०९ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती:-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारी:-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।

२. वडाभेला तथा टोलभेला सम्बन्धमा ।

३. गरिब परिचयपत्र वितरण सम्बन्धमा ।

४. योजना सम्झौता म्याद थप सम्बन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमको मिचुयल फण्ड बाँडफाँड सम्बन्धमा।

६. लक्षित वर्ग तथा अन्य वर्गका लागी लघु घरेलु उद्योगमा आधारित सीप विकास तालिम तथा प्रविधि सहयोग सम्बन्धमा ।

७. लागत साझेदारी सम्बन्धमा ।

८. फिल्ड भत्ता सम्बन्धमा ।

९. इन्टरनेट शुल्क सम्बन्धमा ।

१०. प्रदेश सरकारबाट हस्तान्तरित पुँजिगत बजेट सम्बन्धमा ।

११. छात्रवृत्तिको सूचना प्रकाशन सम्बन्धमा ।

१२. भत्ता सम्बन्धमा ।

१३. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

१४. हालसम्मका योजनाहरुको भूक्तानी अनुमोदन सम्बन्धमा ।

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि योजना/कार्यक्रम छनौट गर्न छ वटै वडाहरुले आ-आफ्नो टोलभेला तथा वडाभेला २०८२ जेठमसान्तसम्म गरी सक्ने निर्णय गरियो ।

निर्णय नं. (३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकालाई प्राप्त गरिव परिचयपत्रहरुको सूची सम्वन्धित वडामा पठाई उक्त परिचयपत्रमाथि आवश्यक पहिचान गरी सम्बन्धित वडाले अन्तिम सूची तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको मिति २०८१/१२/१९ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. ११ अनुसार चालू आ.व.का सम्पूर्ण योजना/कार्यक्रमहरु २०८२ बैशाख १० गतेसम्म सम्झौता गर्ने निर्णय गरिएकोमा २०८२ बैशाख १० गतेदेखि २०८२/०२/०९ गतेसम्म सम्झौता गरिएका योजना/कार्यक्रमहरुको अनुमोदन गरी मिति २०८२ जेठ १५ गतेसम्मका लागि सम्झौता म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. (५) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत वार्षिक बजेट बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम मिचुयल फण्डमा विनियोजन भएको रकम रु २,००,०००।-

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

अक्षेरुपी दुई लाख लाई तपसिल बमोजिमका श्रमगुलक आयोजनाहरुमा शिवनाथ गाउँपालिकाले देहाय अनुसारको लागत साझेदारि गरी सञ्चालन गर्ने निर्णय गरियो।

तपसिलः-

| सि.न. | आयोजनाका नाम | वडा नं. | आयोजना स्थल | स्थानीय तहको लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिवनाथ मन्दिर पिसिसि पदमार्ग निर्माण | शिवनाथ-५ | लामाखाली | १,५०,०००।- | नेपाल सरकार |
| २ | उदयदेव मन्दिर फिल्ड स्तरोन्नती | शिवनाथ-६ | कानली | २५,०००।- | युवारुप |
| ३ | पोखरी निर्माण | शिवनाथ-३ | | २५,०००।- | युवारुप |
| | कूल जम्मा | | | २,००,०००।- | |

निर्णय नं. (६) माथि छलफल गर्दा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय,अन्तर्गत लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन महाशाखा बाट आ.व. २०८१/०८२ मा उद्यमशिलताको माध्यमबाट लक्षित वर्ग तथा अन्य वर्गका लागी लघु घरेलु उद्योगमा आधारित सीप विकास तालिम तथा प्रविधि सहयोग मा प्राप्त बजेट रु ४,०००,००० (अक्षरुपी चालिस लाख मात्र) लाई मिति २०८१/११/०८ गतेको कार्यपालिकाको निर्णय बमोजिन व्यवसायिक मौरिपालन तालिम र प्रविधि सहयोग गर्ने निर्णय भएकोले शिवनाथ गाउँपालिकाको विनियोजन ऐन २०८१/०८२ को दफा ३ को उपदफा २ अनुसार तपसील अनुसारको शिर्षकमा खर्च गर्ने निर्णय अनुमोदन गरियो ।

तपसिलः-

| क्र. स. | विवरण | सहभागी सङ्ख्या | दिन | दर रु | जम्मा बजेट रु | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | खाना,खाजा खर्च | ५७ | ५२ | २००। | ५७२,०००। | |
| २ | प्रशिक्षण खर्च | २ | ५२ | - | १५३,१००। | |
| ३ | सहभागी स्टेशनरी खर्च | ५५ | १ पटक | १००। | ५,५००। | |
| ४ | तालिम उद्घाटन,समापन भत्ता | १६० | १उद्घाटन,समापन | १,०००। | १६०,०००। | |
| ५ | ब्यानर तथा प्रमाणपत्र छपाई खर्च | - | १पटक उद्घाटन,समापन | | ९,४००। | |
| ६ | तालिम सामग्री तथा कच्चापदार्थ खरिद | - | आवश्यक्ता अनुसार | - | १००,०००। | |

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तालिमका लागी आवश्यक कुल जम्मा रकम रु. | | | | | १,०००,०००। | २५% |
| ८ | मौरि सहितको घार खरिद तथा वितरण | | - | - | २,०००,०००। | ५०% |
| ९ | मौरिघार छानो निर्माण तथा मेसिन,औजार खरिद(मौरि झोला,फिडर,धुवादानी र महदानी) | - | - | - | १,०००,०००। | २५% |
| कुल जम्मा रकम रु. | | | | | ४,०००,०००। | १००% |

निर्णय नं. (७) माथि छलफल गर्दा उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक-सशक्तिकरण कार्यक्रम संञ्चालन कार्यविधि, २०८१ बमोजिम स्वीकृत भई कार्यान्वयनमा रहेका तपसिलका योजनाहरुको उक्त कार्यविधिको दफा ५ (१) बमोजिम स्थानीय तहबाट न्यूनतम १० प्रतिशत लागत साझेदारी अनुसार हुन आउने रकम समपूरक कोषबाट खर्च गर्ने निर्णय पारित गरियो ।

तपसिलः-

१. शिवनाथ मन्दिर पदमार्ग निर्माण- शिवनाथ ६ — १, ६५,०००/-

२. वण्ड, डाडा, वि.ओ.पि. खानेपानी योजना — शिवनाथ १ — २, ७८,०००/-

निर्णय नं. (८) माथि छलफल गर्दा शिवनाथ गाउँपालिका आर्थिक वर्ष २०८१/०८२ को माघ महिनादेखि असारमसान्तसम्म लागू हुने गरी शिवनाथ गाउँपालिका अन्तर्गतका प्राविधिकहरुलाई तपसिल अनुसारको मासिक फिल्ड भत्ता (स्थानीय भत्ता कटाएर) दिने निर्णय पारित गरियो ।

तपसिलः-

१. ईन्जिनियर छैटौं — रु २४, ०००/-

२. सव-ईन्जिनियर सहायक पाँचौं — रु २०,०००/-

३. अ.स.ई. सहायक चौथो वा सो सरह — रु १८, ०००/-

निर्णय नं. (९) माथि छलफल गर्दा शिवनाथ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई इन्टरनेट शुल्क वापतको रकम गाउँपालिकाले भूक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (१०) माथि छलफल गर्दा चालू आ.व.को लागि प्रदेश सरकारबाट प्राप्त नमुना खानेपानी मुहान/स्रोत संरक्षण तथा पुर्नभरण कार्यक्रम(प्रदेश सरकारबाट हस्तान्तरित पुँजिगत)मा प्राप्त रकम रु ८ लाखलाई पालिकामा प्राप्त निवेदनमाथि प्राविधिक मूल्याङ्कन गरी कार्यान्वय गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (११) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाले चालू आ.व.२०८१/०८२ मा "शिवनाथ गाउँपालिकाको शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१" को दफा ९ बमोजिम सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (१२) माथि छलफल गर्दा शिवनाथ गाउँपालिकाको जे.सि.बि. अपरेटर र टेक्टर चालकलाई निजको दैनिक कामगरेको लगबुकको आधारमा तपसिल बमोजिमको दैनिक भत्ता दिने निर्णय पारित गरियो ।

तपसिलः-

१. जे.सि.बि. अपरेटर – रु ५००/- दैनिक (लगबुकका अनुसार)

२. टेक्टर चालक – रु ३००/- दैनिक (लगबुकका अनुसार)

निर्णय नं. (१३) माथि छलफल गर्दा शिवनाथ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त भएका र रिक्त हुन जाने पदहरुमा चालू आ.व.मा दैनिक ज्यालादारीमा कामकाज गराउने गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (१४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.२०८१/०८२ को हालसम्म कार्यसम्पन्न भई भुक्तानी गरिएका तपसिलका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिलः-

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत